रिट नं - ०७८-WO-०८१८

# श्री सर्वोच्च अदालतमा दायर गरेको

## निवेदन -पत्र

विषयः उत्प्रेषण परमादेश लगायत जो चाहिने उपयुक्त आज्ञा आदेश वा पूर्जी जारी गरी पाऊँ ।

| | |
|---|---|
| का.जि..का.म.न.पा. वडा नं. ११ बस्ने वर्ष ४० को अधिवक्ता सल्लु तिवारी..१<br>का.जि.का.म.न.पा. वडा नं. ११ बस्ने कानूनको विद्यार्थी वर्ष २७ को सबिन पोखेल.......................................................................१ | निवेदक |

विरुद्ध

| | |
|---|---|
| नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं.......................................................................१<br>गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं.......................................................१<br>जिल्ला प्रशासन कार्यालय, काठमाडौं.......................................................१<br>काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौं.......................................१<br>महानगरीय प्रहरी परिसर, टेकु, काठमाडौं.................................................१<br>आन्तरिक राजश्व कार्यालय, नयाँ बानेश्वर काठमाडौं.................................१<br>नेपाल बैंक लि., जमल शाखा, काठमाडौं.................................................१ | विपक्षी |

हामी रिट निवेदक निवेदन बापत लाग्ने दस्तुर यसै साथ राखी देहाय बमोजिमको रिट निवेदन गर्दछौं ।

१. हामी रिट निवेदक मध्ये म सल्लु तिवारी विगत १२ वर्ष देखी कानून व्यवसाय गर्दै आइरहेको र बेलाबेलामा सार्वजनिक सरोकारको मुद्दा मार्फत अदालतलाई सहयोग गर्दै आएको अधिवक्ता तहको कानून व्यवसायी हुँ । म सबिन पोखेल सूचनाको हक र

सार्वजनिक सरोकारको मुद्दामा अदालतलाई सहयोग पुर्याउँदै आएको कानूनको विद्यार्थी तथा अधिवक्ता तहको परीक्षामा उत्तीर्ण व्यक्ति हुँ ।

२. हामी निवेदक मध्ये म सल्लु तिवारीले हालसम्म कोभिडको खोप लगाउन पाएको छैन । म जस्ता अन्य लाखौं नेपालीले खोपको अभाव र नागरिकता लगायतका आवश्यक कागजातको अभावमा खोप लगाउन पाएका छैनन् । यस प्रकार हाल नेपालमा खोपको अभावका कारण र खोप लगाउँदिन भन्ने आत्म निर्णयको अधिकार प्रयोग गरेका कारण जनसंख्याको आधा जनताले खोप लगाएका छैनन् ।

३. नेपाल सरकारले हालै खोप नलगाएका जनतालाई सार्वजनिक सेवा प्रदान नगर्ने र सार्वजनिक, सरकारी कार्यालयमा प्रवेश नदिने निर्णय मिति २०७८।०९।३० र २०७८।१०।०६ मा गरेको रहेछ । सो निर्णयले विना कारण म र मजस्ता लाखौं व्यक्तिको सार्वजनिक सेवामा पहुँच घटेको छ । ईच्छुक सबै जनतालाई खोप उपलब्ध गराउन सक्ने पूर्ण क्षमता नभएको र ईच्छुक सबै जनताले खोप सहजताका साथ पाई नसकेको , खोप लगाई गिनी पिग परीक्षणमा बस्दिनँ भन्ने र आयुर्वेदिक तथा प्राकृतिक चिकत्सामा विश्वास परी खोपको सट्टा वैकल्पिक उपचार पद्धति अवलम्बन गर्ने जनता समेत भएको स्थितिमा विपक्षीहरुको त्यस्तो निर्णय गर्न पाउने कुनै कानूनी अधिकार छैन । त्यस्तो गैर कानूनी निर्णय र सूचनाले हामी निवेदक तथा अन्य खोप नलगाएका लाखौं व्यक्तिहरुको नेपालको संविधान २०७२ को धारा १६ (१) प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७(१) प्रदत्त वैयक्तिक स्वतन्त्रताको मौलिक अधिकार, कानूनको समान संरक्षण भन्ने धारा १८(१) र (२) को मौलिक हक र धारा २०(२) प्रदत्त कानून व्यवसायी रोज्न पाउने र उपलब्ध गराउने मौलिक हकमा समेत गैरकानूनी आघात परेको छ । किनभने विपक्षीहरु प्रहरी परिसर देखि जिल्ला अदालत, आन्तरिक राजश्व कार्यालय, बैंक समेतले हामी तथा अन्य सेवाग्राही नेपाली नागरिकलाई प्रहरी र गार्ड लगाई खोप कार्ड चेक जाँच गरी खोपकार्ड नभएमा सेवाबाट बञ्चित तथा प्रवेश निषेध गर्ने गरेका छन् । जसलाई राष्ट्रिय मानव अधिकार आयोगले समेत मानव अधिकार उपभोगमा असर गर्ने काम भनेको छ ।

४. अतः विपक्षीहरुको मिति २०७८।०९।३० र मिति २०७८।१०।०६ गतेको गैरकानूनी निर्णय सूचना समेत नेपालको संविधान २०७२ को धारा १६(१), १७(१), १८(१)(२) र धारा २० को उपधारा (२) समेतको प्रतिकूल भई उत्प्रेषणको आदेशले बदर भागी हुँदा बदर गरी उप्रान्त इच्छुक सबै नागरिक र व्यक्तिलाई सहजताका साथ खोप उपलब्ध गराउनु भन्ने परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी न्याय पाउँ भनी संविधानको धारा ४६।१३३(२)(३) समेतको आधारमा सार्वजनिक चासो तथा सरोकारको यो निवेदन गरेका छौं ।

५. यस निवेदनको अन्तिम किनारा नलागेसम्म विपक्षीहरुको मिति २०७८।०९।३० र मिति २०७८।१०।०६ गतेको सूचना निर्णय लागु नगराउनु नगर्नु भनी सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ समेतको आधारमा अन्तरिम आदेश जारी गरी पाऊँ ।

६. हाल कानून व्यवसायी मुकरर गरेको छैन ।

७. यो निवेदनको समानान्तर अर्को उपचार खोजेको छैन ।

८. निवेदन साथ संलग्न कागजातहरु यस प्रकार रहेका छन्:

क) मिति २०७८।०९।३० र मिति २०७८।१०।०६ गतेको निर्णय सूचनाको प्रतिलिपी..१

ख) राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई निर्देशन दिएको मिति २०७८।१०।११ को नागरिक दैनिकको समाचारको प्रतिलिपी........................१

ग) हाम्रो नागरिकताको प्रतिलिपी.................................................................१

९. यसमा लेखिएको ब्यहोरा ठिक साँचो हो, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

निज सल्लु तिवारी

निज सविन पोखरेल

ईति सम्वत २०७८ साल माघ महिना १७ गते रोज १ शुभम्.................................।